# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७२।१०।१८

**प्रेस विज्ञप्ति ।**

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

सशस्त्र प्रहरी बल हलचोकको समान ढुवानी प्रकरणका सम्बन्धमा अनुसन्धान हुँदा सामानै ढुवानी नगरी सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तको निर्देशनमा लेखा प्रमुख शसस्त्र प्रहरी निरीक्षक बिन बहादुर थापाले सदाज्योती तथा अदिती ट्रान्सपोर्टका संचालकहरुसंग मिलेमतो गरी खाली तथा विभिन्न युनिटहरूमा सामान पठाएको भन्ने व्यहोराको झुठ्ठा विवरण उल्लेख गरेको बिल झिकाई सशस्त्र प्रहरी निरीक्षक बिन बहादुर थापाले लेखा शाखामै कार्यरत सशस्त्र प्रहरी नायब निरीक्षकहरू निल बहादुर श्रेष्ठ, देवेन्द्र कुमार श्रेष्ठ, लेख बहादुर खत्री र स.प्र.ज.मिलन अधिकारी समेतलाई प्रयोग गरी भण्डार शाखाले भुक्तानीको लागि बिल पठाएको भन्ने व्यहोराको पत्र लेखा शाखामा नै तयार गरी भण्डार शाखाका शाखा अधिकारी समेतको नक्कली दस्तखत स.प्र.ज.मिलन अधिकारीलाई गर्न लगाई रु.६,७९,४१,७०६।- भ्रष्टाचार गरेको व्यहोरा भण्डार शाखाको चलानी किताब, जिन्सी आम्दानी खर्च किताब, मातहत युनिटहरूबाट सामान प्राप्त नभएको व्यहोराको पत्र, वैज्ञानिक परीक्षण प्रतिवेदन, ट्रान्सपोर्ट कम्पनीहरूका संचालकहरूको बयान कागज, नक्कली बिल तथा पत्र तयार गर्ने सम्बद्ध कर्मचारीहरूको बयान कागज समेतबाट पुष्टी हुन आयो ।

यसै गरी प्रस्तुत ढुवानी प्रकरणका सम्बन्धमा प्रारम्भिक अनुसन्धानको क्रममा छानबिन गरी राय सहितको प्रतिक्रिया उपलब्ध गराई दिन हुन भनि आयोगबाट सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, स्वयम्भुलाई लेखि पठाईएकोमा सो सम्बन्धमा सशस्त्र प्रहरी बल प्रधान कार्यालयले सशस्त्र प्रहरी नायब महानिरीक्षक अरबिन्द धितालको संयोजकत्वमा ३ सदस्यीय छानबिन समिति गठन गरेकोमा उक्त समितिले संगठन प्रमुख कोषराज वन्तबाट भए गरेका भ्रष्टाचारजन्य कसुरलाई उन्मुक्ती दिने मनसायले बदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई, नभए नगरेका व्यहोरा उल्लेख गरी आयोगलाई गलत प्रतिवेदन दिएको देखिँदा निजहरु सहित प्रस्तुत प्रकरणमा संलग्न ट्रान्सपोर्टका संचालकहरु समेतलाई देहाय बमोजिमको मागदाबि सहित आजै बिशेषअदालत काठमाण्डौमा आरोप पत्र दायर गरिएको छ।

| सि.नं | दर्जा | नामथर | बिगो | सजाय मागदाबी |
|---|---|---|---|---|
| १ | स.प्र.म.नि | कोषराज वन्त | रु.६,७९,४१,७०६।- | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |
| २ | स.प्र.नि | बिन बहादुर थापा | रु.६,७९,४१,७०६।- | भ्र.नि.ऐन २०५९ को दफा ८(१) |
| ३ | स.प्र.ना.नि | देवेन्द्र कुमार श्रेष्ठ | - | भ्र.नि.ऐन २०५९ को दफा २२ |
| ४ | स.प्र.ना.नि | निल वहादुर श्रेष्ठ | - | भ्र.नि.ऐन २०५९ को दफा २२ |
| ५ | स.प्र.ना.नि | लेख बहादुर खत्री | - | भ्र.नि.ऐन २०५९ को दफा २२ |
| ६ | स.प्र.ज | मिलन अधिकारी | - | भ्र.नि.ऐन २०५९ को दफा २२ |
| ७ | स.प्र.ना.म.नि | अरविन्द धिताल | - | भ्र.नि.ऐन २०५९ को दफा १९(२) |
| ८ | पूर्व स.प्र.उ | जगत नारायण श्रेष्ठ | - | भ्र.नि.ऐन २०५९ को दफा १९(२) |
| ९ | स.प्र.ना.उ | आनन्द थापा मगर | - | भ्र.नि.ऐन २०५९ को दफा १९(२) |
| १० | सदाज्योती ट्रान्सपोर्ट | उज्वल कुमार थपलिया | रु.३,१६,३१,५७६।- | भ्र.नि.ऐन २०५९ को दफा ८(४) |
| ११ | अदिती ट्रान्सपोर्ट | भरत कुमार थापा | रु.३,६३,१०,१३०।- | भ्र.नि.ऐन २०५९ को दफा ८(४) |

@NepalCIAA

FIGHT AGAINST CORRUPRION

(कृष्णहरि पुष्कर)
सहसचिव एवं प्रवक्ता